# ५औं वार्षिक प्रतिवेदन
## २०७१/७२

CDS and Clearing Limited

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

२०७२

# वर्तमान संचालक समिति



श्री सीताराम थपलिया
अध्यक्ष



श्री प्रमोद कुमार भट्टराई
सदस्य



श्री कृष्ण राज पोखरेल
सदस्य



श्री निरन्जन फुयाँल
सदस्य



श्री देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत



श्री सुरेन्द्र राज वाग्ले
कम्पनी सचिव

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

## को

## पाँचौं वार्षिक साधारण सभाको सूचना

यस कम्पनीको मिति २०७२ साल पौष ०७ गते बसेको संचालक समितिको निर्णयानुसार देहायका विषयहरुमा छलफल गर्न निम्न मिति, समय र स्थानमा पाँचौं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पाँचौं वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७१/७२ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूची सहित छलफल गरी पारित गर्ने ।

३. आर्थिक वर्ष २०७१/०७२ को लेखापरीक्षण तथा कर लेखापरीक्षण शुल्क अनुमोदन गर्ने ।

४. आर्थिक वर्ष २०७२/०७३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**विशेष प्रस्ताव :**

५. प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

६. विविध ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७२ पौष २९ गते

समय : बिहान ०९:३० बजे ।

स्थान : नेपाल स्टक एक्सचेन्ज लि. को भवन, युन एन आई शान्तिमार्ग, काठमाडौं ।

**आज्ञाले**

कम्पनी सचिव

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको

## पाँचौं वार्षिक साधारण सभामा संचालक समितिका अध्यक्ष

## श्री सीताराम थपलियाज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) को पाँचौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभाव एवं आमन्त्रित अतिथिज्यूहरुमा संचालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्दछु । अब म संचालक समितिको तर्फबाट आ.व. २०७१/७२ को वार्षिक प्रतिवेदन पेश गर्दछु ।

**शेयरधनी महानुभावहरु**

पूँजी बजारको माध्यमबाट उद्यमीहरुले व्यवसायको स्थापना तथा विकास विस्तारका लागि आवश्यक पूँजी परिचालन गरी एकत्रित गर्ने हुँदा यसलाई मुलुकको आर्थिक विकासको मेरुदण्ड भनिन्छ । नेपालमा बजारबाट पूँजी परिचालन गर्ने कार्य विराटनगर जुट मिल्सको स्थापना संगसंगै भएता पनि अन्तर्राष्ट्रिय पूँजी बजारको तुलनामा यसलाई अत्याधुनिक बनाउन अझ धेरै विकास गर्नुपर्ने देखिन्छ । नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) ले दोस्रो बजारलाई अन्तर्राष्ट्रिय अवधारणा अनुसार संचालनमा ल्याउन मिति २०६७ पौष ७ गते नेप्सेको पूर्ण स्वामित्वमा सिडिएस एण्ड क्लियरिङ्ग लि. को स्थापना गरिएको हो । यस लि. को संचालन संगै भौतिक धितोपत्रमा रहेको जोखिमलाई न्यूनिकरण गरी Delivery versus Payment Model अपनाई राफसाफ तथा फछ्र्यौट चक्र (T+3) भित्रनै सम्बन्धित बिक्रीकर्ता र खरिदकर्तालाई रकम तथा धितोपत्र प्राप्त गर्न सक्षम बनाउने उद्देश्यसाथ स्थापना गरिएको हो । यसले लगानीकर्ताहरुको लगानीमा थप तरलता कायम गराउने कुरामा म विश्वस्त छु ।

**(१) विगत वर्षहरुको कारोबारको सिंहावलोकन :**

सिडिएससिले लगानीकर्ताहरुलाई विश्वसनिय सेवा उपलब्ध गराउँदै आएकोछ । यसै परिप्रेक्ष्यमा विगत वर्षहरुको तुलनामा आ.व. २०७१/७२ मा धितोपत्रको अभौतिकीकरण गराउने कम्पनी तथा लगानीकर्ताहरुको संख्यामा उल्लेख्य बृद्धि भएकोछ । परिणाम स्वरुप नेप्सेको कारोबार पद्धतिमा पनि अभौतिकृत धितोपत्रहरुको कारोबारमा दिनहु बृद्धि भएको पाइन्छ । नेपाल धितोपत्र बोर्ड, नेप्से तथा सिडिएससिको सहकार्यमा ६३ वटा कम्पनीहरु दर्ता भई धितोपत्रको अभौतिकीकरणको सम्झौता गरेका छन् । सूचीकृत कम्पनीहरुलाई छिटो छरितो, सुरक्षित एवं प्रभावकारी सेवा प्रदान गर्न सिडिएससिमा दर्ता हुन आह्वान गरिएकोमा यसको महत्व तथा आवश्यकतालाई ध्यानमा राख्दै १२६ वटा कम्पनीहरुसंग दर्ता सम्झौता सम्पन्न गरिएकोमा १२२ कम्पनीहरुको धितोपत्रको कारोबार अनिवार्य अभौतिक रुपमा भइरहेको छ । त्यसैगरी १५ वटा कम्पनीहरु दर्ताको प्रकृयामा रहेका छन् । नेप्सेमा हुने कूल धितोपत्रको कारोबारको करिब ७६ प्रतिशत कारोबार अभौतिक धितोपत्रको कारोबार भइरहेकोमा यसलाई थप प्रोत्साहन गर्न बोर्डले मिति २०७२ मंसिर २० गते खारेजी, कारोबार रोक्का, निलम्बन र मर्जरमा परेका बाहेक सिडिएससिमा दर्ता हुन बाँकी सूचीकृत कम्पनीहरुको धितोपत्र २०७२ पौष मसान्त भित्र केन्द्रीय निक्षेप प्रणालीमा आवद्ध हुन दर्ता गरिसक्नु पर्ने निर्देशन भए लगत्तै नेप्सेमा सूचीकृत १३ कम्पनीहरु दर्ताका लागि निवेदन पेश गरेका छन् भने दर्ता हुन आउने कम्पनीहरुको क्रम बृद्धि भइरहेको छ । यो परिमाण बढ्दो क्रममा रहेको हुँदा आगामी वर्षहरुमा लि. ले अपेक्षित मुनाफा आर्जन गर्न सक्ने समेत विश्वास लिएको छु । अब म आ.व. २०७१/७२ को कार्य प्रगतिलाई धितोपत्र बजार सम्बन्धी गतिविधि र नीतिगत तथा संस्थागत सुधार सम्बन्धी गतिविधि गरी दुई भागमा प्रस्तुत गर्न चाहन्छु ।

**१.१ धितोपत्र बजार सम्बन्धी गतिविधि :**

**(क) निष्काशनकर्ताहरुको धितोपत्र अभौतिकीकरणका लागि दर्ता संख्या :**

धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (पहिलो संशोधन २०६९ सहित) मा गरिएको व्यवस्थानुसार धितोपत्रको अभौतिकीकरणका लागि दर्ता गरेका कम्पनीहरुको संख्या देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| आर्थिक वर्ष २०६९/७० | १२ वटा |
| आर्थिक वर्ष २०७०/७१ | ४ वटा |
| आर्थिक वर्ष २०७१/७२ | ९७ वटा |

आ.व. २०७०/७१ मा ४ वटा कम्पनी दर्ता भएकोमा आ.व. २०७१/७२ मा ९७ वटा कम्पनीहरु दर्ता भएका छन् ।

त्यसैगरी २०७२/७३ को समीक्षा अवधि सम्म थप १३ वटा कम्पनीहरु सहित जम्मा १२६ वटा कम्पनीहरुले आ-आफ्नो धितोपत्र अभौतिकीकरणका लागि दर्ता गराएको व्यहोरा जानकारी गराउँदछु । बोर्डको माघ १ गतेबाट अनिवार्य रुपमा अभौतिकृत धितोपत्रको मात्र कारोबार गरिने निर्देशन पश्चात् थप १३ वटा कम्पनीहरुबाट दर्ताका लागि निवेदन प्राप्त भएको छ ।

**(ख) निक्षेप सदस्यको सदस्यता प्राप्त निक्षेप सदस्यहरुको संख्या :**

सर्वसाधारण लगानीकर्ताहरुलाई खरिद बिक्री सेवा सहज बनाउन तथा अभिलेखीकरण कार्य गर्नका लागि निक्षेप सदस्यको रुपमा सेवा प्रवाह गर्न निकायले तोकिए अनुसार बोर्डबाट दर्ता प्रमाणपत्र लिई यस लि. बाट निक्षेप सदस्यता प्राप्त गर्नु पर्ने प्रावधान अनुरुप आ.व. २०७०/७१ सम्म ११ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएकोमा आ.व. २०७१/७२ मा थप ३४ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको छ भने चालू आ.व. २०७२/७३ को समीक्षा अवधिमा थप ३ गरी कूल निक्षेप सदस्य संख्या ४८ पुगेको छ । निक्षेप सदस्यको संजाल मुलुकका विभिन्न भागमा विस्तार गर्न सक्ने व्यवस्था अनुसार समिक्षा अवधि सम्म एन आई सि एशिया बैंक लि., एनआइबिएल क्यापिटल लि., बैंक अफ काठमाण्डू लि., एभरेष्ट बैंक लि., सिद्धार्थ क्यापिटल लि., एनएमबि क्यापिटल लि. र ग्लोबल आइएमई क्यापिटल लि. गरी जम्मा ७ वटा कम्पनीहरुले आफ्ना सम्पूर्ण शाखा तथा संस्थापक कम्पनीका शाखाहरुबाट निक्षेप सेवा प्रदान गर्न स्वीकृति प्रदान गरी कूल ४४ जिल्लाका ६६ स्थानबाट केन्द्रीय निक्षेप प्रणालीको सेवा प्रदान गरिदै आएको छ ।

**(ग) राफसाफ सदस्यहरुको संख्या :**

धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट गराउनका लागि अनुमति प्राप्त धितोपत्र व्यवसायीले यस लि. को सदस्यता लिई राफसाफ सदस्यको कार्य गर्नु पर्ने प्रावधान अनुसार बोर्डबाट अनुमति प्राप्त गरी नेप्सेको सदस्यता प्राप्त ५० सदस्य दलाल व्यवसायीहरुलाई राफसाफ सदस्यता प्रदान गरी सकिएको छ ।

**(घ) हितग्राही डिम्याट् खाताको संख्या :**

वर्तमान व्यवस्था अनुसार नेप्से मार्फत् कारोबार गर्न गराउन निक्षेप सदस्यको मार्फत् हितग्राहीहरुले अभौतिकृत खाता खोल्नु पर्ने व्यवस्थानुसार आ.व. २०७०/७१ मा हितग्राही खाताको संख्या जम्मा २५६ र आ.व. २०७१/७२ मा ४० हजार ४ सय र चालू आ.व. को समीक्षा अवधि सम्म कूल खाता संख्या १ लाख ३३ हजार ९ सय ८९ पुगेको व्यहोरा अवगत गराउँदछु ।

**(ङ) अभौतिकीकरण गरिएका धितोपत्रको संख्या :**

नेप्सेमा सूचीकृत कम्पनीहरुको संख्या तथा सूचीकृत धितोपत्र संख्यामा भएको बृद्धि संगसंगै अभौतिकृत कम्पनी तथा धितोपत्रको संख्यामा समेत उल्लेखनिय बृद्धि भई सकारात्मक असर परेको छ । आ.व. २०७०/७१ मा १ लाख ७३ हजार ९ सय ६ कित्ता धितोपत्रको अभौतिकीकरण भएका थिए भने आ.व. २०७१/७२ मा सो संख्यामा २५ हजार ८ सय २५.११ प्रतिशतले बृद्धि भई ४ करोड ५० लाख ८५ हजार ३ सय १४ कित्ता धितोपत्र अभौतिकीकरण भएको छ । त्यसैगरी आ.व. २०७२/७३ को समीक्षा अवधि सम्म अभौतिकीकरण गरिएका धितोपत्र संख्या २५ करोड ६९ लाख २६ हजार ६ सय ५६ पुगेको र यो संख्या गत आ.व. को तुलनामा ४ सय ६९.८७ प्रतिशतले बृद्धि भएको छ ।

## १.२ नीतिगत तथा संस्थागत सुधार सम्बन्धी गतिविधि :

**शेयरधनी महानुभावहरु ,**

यस लि. लाई संचालनमा ल्याउन नीतिगत एवं संस्थागत सुधारतर्फ महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् । यस आ.व. २०७१/७२ मा विनियमावली तयार, विनियमावली संशोधन, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा लगानीकर्ता र सरोकारवालाहरुलाई लि. को बारेमा जानकारी प्रदान गरिदै आएको छ ।

**(क) नेप्से र राफसाफ बैंकसंगको सम्झौता :**

यस आ.व. मा दोस्रो बजारको कारोबार तथा अन्य बैंकिङ्ग सेवा संचालन गर्नका लागि नेप्से, सिडिएससि तथा ग्लोबल आइएमई बैंक लि. बीच त्रिपक्षीय सम्झौता गरियो । यस भन्दा अगाडि राफसाफ बैंकको कार्य बैंक अफ काठमाण्डू लि. ले गर्दै आएकोमा मिति २०७१ मंसिर २ गते बोर्डबाट धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम १२ को उप-विनियम (१) को व्यवस्था संशोधन भई नेप्सेले संचालक समितिबाट स्वीकृत Marking Matrix का आधारमा इच्छुक बैंकहरुबाट दरखास्त आह्वान गरी प्राप्त आवेदकहरु मध्ये सम्पूर्ण मापदण्ड पूरा गरेको बैंकहरु मध्ये ग्लोबल आइएमई बैंक लि. ले सबैभन्दा उच्च अंङ्क प्राप्त गरेको हुँदा राफसाफ बैंकको रुपमा नियुक्त गरिएको हो । यस बैंकसंग आ.व. २०७१/७२ मा सम्झौता गरी सोही मितिदेखि भौतिक तथा अभौतिक कारोबारको फछ्र्यौट सोही बैंकबाट गरिदैं आएको छ । यसै सन्दर्भमा धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्यका लागि मिति २०७१ माघ २ गते नेप्से, सिडिएससि, राफसाफ सदस्य तथा राफसाफ बैंक बीच समेत सम्झौता भएको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराउँदछु ।

**(ख) विनियमावली संशोधन :**

यस लि. को कार्य प्रभावकारीतामा वृद्धिका लागि धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी विनियमावलीमा संशोधन गर्न बोर्डमा स्वीकृतिका लागि पठाइएकोमा धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम १२ को उप-विनियम (१) मा संशोधित व्यवस्थानुसार "राफसाफ बैंकका लागि सार्वजनिक निष्काशन गरी सूचीकरण गरिसकेको, लगातार तीन वर्ष नाफामा गरएको, NPL ५ प्रतिशत ननाघेको र Online Banking System विकास गरेको जस्ता परिसूचकहरुका आधारमा राफसाफ बैंक छनौट गर्ने व्यवस्था" रहने गरी बोर्डबाट स्वीकृति प्राप्त गरी कार्यान्वयनमा ल्याइएको छ । तथा संशोधनका अन्य केही विषयवस्तुहरु बोर्डमा स्वीकृतिका लागि पठाइएकोमा हालसम्म प्रकृयामा नै रहेको व्यहोरा जानकारी गराउँदछु ।

### (ग) मानव संशाधन विकास, तालिम एवं गोष्ठी :

यस लि. लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउदै अन्तर्राट्रिय पूँजी बजारमा भएका विकास बारे लि. का कर्मचारीहरुलाई अद्यावधिक गराउन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा तालिममा सहभागी गराईको छ । यस अनुसार चीनमा China Central Depository and Clearing Corporation Ltd. (CCDC) को सहकार्यमा Asia-Pacific CSD Group(ACG) ले सम्पन्न गरेको १८औं ACG वार्षिक साधारण सभा, बोर्डले आयोजना गरेको बंगलादेशको Central Depository of Bangladesh Ltd. (CDBL) को निरीक्षण कार्यक्रममा सहभागिता, Association of National Numbering Agencies (ANNA) ले इन्डोनेसियाको बालीमा आयोजना गरेको Extra Ordinary General Meeting मा सहभागिता जनाएको, बोर्डका सहकार्यमा पूँजी बजारसंग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई "Role of ISO Identifiers in the International Capital Markets: ANNA's Perspective" विषयक तालिम कार्यक्रम आयोजना गरिएको छ ।

### (घ) जनचेतना मूलक कार्यक्रम तथा तालिम :

नेप्सेसंगको सहकार्यलाई जोड दिंदै नेप्सेले चितवन, पोखरा धनगढी, नेपालगंज, विराटनगर र धरानमा आयोजना गरेको लगानीकर्ता सचेतना कार्यक्रममा लि. को तर्फबाट कार्यपत्र प्रस्तुत गरी दोस्रो बजार संचालनमा लि. को कार्य प्रकृया तथा महत्वको बारेमा विस्तृत जानकारी गराइएको थियो ।

### (ङ) लि. को कार्य संचालन र कारोबार व्यवस्थापन प्रणाली :

लि. को कार्यसंचालन प्रभावकारीताका लागि लि. ले दुई भिन्न पद्धतिमा कार्य गर्दै आएको छ :

(१) भौतिक काराबोरको राफसाफ अभौतिक रुपमा गरिने : लि. लाई पूर्ण स्वचालित गर्नका लागि तयार गरिएको कार्य योजना बमोजिम मिति २०७१ भदौ १९ गते नेप्सेबाट जारी निर्देशन अनुसार प्रथम चरणमा “क” वर्गका वाणिज्य बैंकहरुको मिति २०७१ आश्विन २० गते देखि र अन्य कम्पनीहरुको हकमा २०७१ कार्तिक २ गते देखि अनिवार्य रुपमा केन्द्रीय निक्षेप प्रणालीमा राफसाफ तथा फछ्र्यौट गर्नका लागि भौतिक रुपमा रहेका धितोपत्र कारोबारको खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१ बमोजिम गरिएको छ ।

(२) अभौतिक कारोबारको राफसाफ अभौतिक रुपमा गरिने : धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को व्यवस्था अनुसार नेप्सेमा सूचीकृत कम्पनीहरुको धितोपत्रलाई लि. मा अनिवार्य रुपमा अभौतिक कारोबार गराई विद्युतीय राफसाफ तथा फछ्र्यौट कार्य गराउनका लागि विभिन्न समूहका ७ वटा कम्पनीहरुको धितोपत्र कारोबार पूर्ण डिम्याट्मा सुरु गरिएकोमा सो कार्य उत्साहजनक रुपले अगाडि बढेको हुँदा विभिन्न मितिमा कम्पनीहरुको पूर्ण डिम्याट्मा कारोबार गर्न कम्पनीहरुको संख्या थप गर्दै लगिएको छ । समिक्षा अवधिसम्म यो कम्पनीहरुको संख्या १२६ पुगेको छ ।

(३) नेप्सेमा सूचीकृत सम्पूर्ण कम्पनीहरुलाई सिडिएससिमा दर्ता हुनका लागि पत्राचार गरी सहयोग गरिदिन नेप्सेसंग माग गरिए पश्चात् आ.व. २०७१/०७२ मा कूल ९७ वटा कम्पनीहरुले धितोपत्रको अभौतिकीकरणको दर्ता सम्झौता गरेका छन् । त्यसैगरी चालू आ.व. २०७२/०७३ को समिक्षा अवधिसम्म बोर्डको निर्देशन पश्चात् समिक्षा अवधिसम्म १३ वटा कम्पनीहरुले धितोपत्र अभौतिकीरणका लागि दर्ता गरी दर्ता हुने कम्पनीको कुल संख्या १२६ वटा पुगेको छ ।

(४) नेप्सेमा आ.व. २०७१/७२ मा कूल कारोबार रु.६५ अर्व ३३ करोड ३५ लाख ८० हजार मध्ये सो को ६ प्रतिशत अर्थात रु.३ अर्व ७१ करोड ३३ लाख ४६ हजार ८ सय ९१ बराबरको अभौतिकृत धितोपत्रको

कारोबार भएको थियो भने २०७२ मंसिर मसान्त सम्म नेप्सेको कूल कारोबार रु.३९ अर्ब १० करोड ४९ लाख ६३ हजार मध्ये ७६ प्रतिशत अर्थात रु.२९ अर्ब ६७ करोड ६३ लाख ४८ हजार ५ सय ९९ बराबरको अभौतिकृत धितोपत्रको कारोबार भएको छ ।

(५) आ.व. २०७१/७२ मा नेप्सेमा सूचीकृत कम्पनीहरुको कूल २ खर्ब ३८ अर्ब ९६ करोड ७४ लाख २० हजार चुक्ता पूँजीको १६ प्रतिशत अर्थात रु. ३९ अर्ब १० करोड ४९ लाख ६३ हजार बराबरको कूल कारोबार रहेको छ भने सो मध्ये १२ प्रतिशत अर्थात रु. २९ अर्ब ६७ करोड ६३ लाख ४८ हजार ५ सय ९९ अभौतिक धितोपत्रको कारोबार रहेको छ । त्यसैगरी कूल रु. ११ खर्ब ८९ अर्ब ४८ करोड ७७ लाख ६० हजार बजार पूँजीकरणको ३ प्रतिशत कूल कारोबार रहेको छ भने सो मध्ये २ प्रतिशत अभौतिक धितोपत्रको कारोबार रहेको छ ।

(६) कूल ४८ वटा निक्षेप सदस्य मध्ये ७ वटा निक्षेप सदस्यले केन्द्रीय निक्षेप प्रणाली मार्फत् ४४ जिल्लामा ६६ स्थानबाट निक्षेप सेवा प्रदान गर्दै आएका छन् । आगामी दिनमा ७५ जिल्लाबाट निक्षेप सेवा प्रदान गरी स्थानीयवासीहरुलाई पूँजी बजारमा आवद्ध हुन सहजता प्रदान गर्ने समेत योजना रहेकोछ ।

(७) लि. लाई पूर्ण संचालनमा ल्याउनका लागि संभाव्य अवरोधहरु न्यूनिकरण गर्दै अभौतिकृत धितोपत्रहरुको कारोबारलाई प्रोत्साहन गर्न तथा विनियमावलीमा गर्नु पर्ने संशोधनहरु पहिल्याउन सिडिएससि र स्टक ब्रोकर्स एसोसिएशन अफ नेपालका प्रतिनिधिहरु रहने गरी Demat Implementation Team (DIT) गठन गरिएको छ ।

(८) सिडिएससिलाई पूर्ण संचालनमा ल्याउन, बजारको थप विकास गर्न, लगानीकर्ताको हित संरक्षण गर्न, जोखिम व्यवस्थापन गर्न र बजारका विभिन्न पक्षहरुसंग समन्वय गर्न बोर्ड, नेप्से र सिडिएससिका प्रतिनिधिहरु रहने गरी Capital Market Coordination (CMC) Committee गठन गरिएको छ ।

## (च) लि. को सूचना प्रवाह :

लि. ले निष्काशनकर्ता, निक्षेप सदस्य, राफसाफ सदस्य, हितग्राही तथा सरोकारवालाहरुलाई यस लि. का क्रियाकलाप तथा कार्यको बारे जानकारी गराउनका लि. को वेवसाईटमा महत्वपूर्ण सूचनाहरु अद्यावधिक गराएको, तथा विभिन्न पत्रपत्रिकामा प्रेश विज्ञप्ति, सूचना र जानकारी मूलक विज्ञापन प्रकाशन गरिएको, लि. को वेवसाइटमा नियमित सूचना अद्यावधिक गराईएको, लगानीकर्ताको गुनासोलाई मध्येनजर गर्दै हरेक दिनको Pay Out को विवरण वेवसाईटमा राखी निरन्तर रुपमा जानकारी गराउँदै आइएको छ । नेप्सेको वेवसाइट पूँजी बजारमा निरन्तर अद्यावधिक जानकारी प्रवाह गर्ने माध्यमको रुपमा लोकप्रिय रहेको हुँदा यस लि. संग सम्बन्धित सूचना समेत नेप्सेको वेवसाइटमा प्रकाशित गर्दा सरोकारवालाहरु लाभादायक हुने हुँदा आगामी दिनबाट नेप्सेको सहकार्यमा अत्यावश्यक सूचना सो वेवसाइट मार्फत समेत संप्रेषण गरिनेछ ।

## (छ) अन्तर्राष्ट्रिय सम्बन्ध :

अन्तर्राष्ट्रिय सम्बन्धको विकास तथा विस्तार गर्नुका साथै अन्तर्राष्ट्रिय पूँजी बजारमा भएका विकास तथा विस्तारको ज्ञान अद्यावधिक हुनका लागि Central Securities Depositories को छाता संगठन Asia-Pacific Central Securities Depository Group (ACG) को सदस्यता प्राप्त गरी यस लि. मा दर्ता गरी अभौतिकीकरण गरिएका धितोपत्रहरुको पहिचानका लागि International Securities Identification Number (ISIN) प्रदान गर्नका लागि Association of National Numbering Agencies (ANNA) को National

Numbering Agency (NNA) को हैसियतले विभिन्न सभा, सेमिनार तथा वार्षिक साधारण सभामा सहभागिता जनाई सदस्य राष्ट्रहरुले अध्ययनका लागि पेश गरेका सर्वेक्षण प्रतिवेदनहरुमा आवश्यक धारणा प्रदान गरी सहयोग गर्दै आएको छ ।

**(२) लि. को कार्य योजना तथा चुनौतिहरु :**

**(क) लि. को कार्य योजना :**

(१) नेप्सेमा सूचीकृत सम्पूर्ण कम्पनीहरु लि. मा दर्ता गरी पूर्ण रुपमा अभौतिक धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट गर्ने ।

(२) लि. को संगठनात्मक संरचना परिवर्तन गरी  विभागमा आवश्यक कर्मचारी भर्ना गरी व्यवस्थित गर्ने ।

(३) कर्मचारीको क्षमता अभिवृद्धि र कार्य सम्पादन प्रभावकारी रुपमा सम्पन्न गराउनका लागि विभिन्न तालिम, गोष्ठी आदिमा सहभागीताका लागि आवश्यक व्यवस्था मिलाउने ।

(४) लि. ले भाडामा लिएको कार्यालय लिलाम बिक्री गरिसकेको हुदाँ नयाँ कार्यालय भवन भाडामा लिने प्रक्रिया अगाडि बढाउने ।

(५) लि. को आगामी वर्षको लेखा परिक्षण तथा वार्षिक साधारण सभा समयमा नै सम्पन्न गर्ने । कम्पनीको लेखा सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन Software  खरिद गर्ने ।

(६) लि. मा भएको पूँजी कोष तथा सेवा संचालन बापत शुल्क उचित प्रतिफल दिने बैंक तथा वित्तीय संस्थामा निक्षेप गर्ने वा नगरिक लगानी कोषको एकांक वा सरकारी ऋणपत्रमा लगानी गर्ने ।

(७) हाल निक्षेप सेवा ४४ जिल्लामा विस्तार भइसकेको र बाँकी जिल्लामा विस्तार गर्न हालकै निक्षेप सदस्यहरुलाई संजाल विस्तार गर्न प्रोत्साहन गर्ने तथा थप निक्षेप सदस्यता प्रदान गर्ने ।

(८) सार्वजनिक निष्काशनलाई सिडिएससिको प्रणालीमा ल्याउने ।

(९) बोनश शेयर एंव हकप्रद शेयरको बाँडफाँड अभौतिकृत रुपमा डिम्याट् खातामा जम्मा गर्ने व्यवस्था गर्ने ।

(१०) लि. को लक्ष्य प्राप्ति तथा थप विकास र विस्तार गर्नका लागि लगानीकर्ताहरुमा रहेको धितोपत्र अभौतिकीकरण गरी अभौतिक कारोबार गर्न उत्प्रेरित गर्ने, विभिन्न सचेतना कार्यक्रम तथा प्रचार प्रसार मार्फत लगानीकर्ताहरुलाई लि. को बारे जानकारी दिने । निक्षेप सदस्य, निष्काशनकर्ता, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि र राफसाफ सदस्यलाई Applications सम्बन्धी तालिम प्रदान गर्ने ।

(११) अन्तर्राष्ट्रिय सहयोग तथा समन्वयको विस्तार गर्ने ।

(१२) Disaster Recovery Site को स्थापना गर्ने ।

(१३) लि. को विभिन्न प्रयोजनका लागि आवश्यक पर्ने Server लाई Virtualize गर्ने र सम्बन्धित पक्षलाई प्रभावकारी सेवा दिनका निम्ति थप विभिन्न सेवाहरु प्रदान गर्ने ।

(१४) लि. को उत्तरदायित्वमा अझ प्रभावकारीता ल्याउनका लागि नयाँ प्रविधि अपनाई लि. ले प्रदान गर्ने सेवामा प्रभावकारीतामा ल्याउने ।

**(ख) लि. का चुनौतिहरु :**

(अ) नेप्सेमा सूचीकृत सम्पूर्ण कम्पनीहरुलाई धितोपत्र अभौतिकीकरणका लागि दर्ता गराई आवद्ध गराउने ।

(आ) प्राथमिक बजार मार्फत् धितोपत्र निष्काशन गर्ने कम्पनीहरुलाई अभौतिक रुपमा बाँडफाँड गर्न प्रोत्साहन गर्ने ।

(इ) उपत्यका भित्र तथा बाहिरका लगानीकर्ताहरुलाई केन्द्रीय निक्षेप सेवा प्रदान गर्न निक्षेप सदस्यको संजाल विस्तार गराउने ।

(ई) हालसम्म Trade Guarantee Fund वा Settlement Guarantee Fund को व्यवस्था नभइसकेको अवस्थामा नियमित समस्या रहेको ।

(उ) सम्पूर्ण लगानीकर्ताहरु (प्राथमिक तथा दोस्रो बजारका) लाई विद्युतीय माध्यमबाट धितोपत्रलाई निक्षेप गराई अभिलेख राख्ने र कारोबारको राफसाफ तथा फछ्र्यौट गर्न विश्वस्त र प्रोत्साहन गर्ने ।

(ऊ) नेप्सेले Fully Online Automated Trading System विस्तार गरे पश्चात् राफसाफ तथा फछ्र्यौट पद्दतिमा Upgrade गर्नु पर्ने ।

**(३) लेखा परीक्षकको नियुक्ती :**

यस लि. को आ.व. २०७१/७२ को लेखापरीक्षणका लागि तेस्रो तथा चौथो वार्षिक साधारण सभाबाट एस.आर. पाण्डे एण्ड कम्पनीलाई पारिश्रमिक कर बाहेक रु. ८१ हजार दिने निर्णय भएकोमा ICAN ले चाटर्ड एकाउन्टेन्टहरुको न्यूनतम पारिश्रमिक तोकेको हुँदा सो भन्दा कममा गर्न नसकिने राय प्राप्त भएकोले लेखा परीक्षण समितिमा छलफल हुँदा कर सहित रु. १ लाख पारिश्रमिक उपलब्ध गराउन संचालक समितिमा सिफारिश गरेको हुँदा समितिको निर्णयानुसार लेखा परीक्षण शुल्क रु. १ लाख दिइएको हुँदा सो शुल्कको अनुमोदनका लागि अनुरोध गर्दछु ।

**(४) लेखा परीक्षण प्रतिवेदन :**

आ.व. २०७१/७२ को लेखा परीक्षण कार्य समयमै सम्पन्न गरी प्रतिवेदन पेश गर्न पाएको व्यहोरा सम्पूर्ण शेयरधनीलाई जानकारी गराउन पाउँदा अत्यन्तै खुशी लागेको छ ।

**४.१ लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भए सो उपर संचालक समितिको प्रतिकृया :**

आ.व. २०७१/७२ को लेखा परीक्षणको प्रतिवेदनमा लेखा परीक्षकबाट कुनै कैफियत नभएको व्यहोरा शेयरधनी महानुभावहरुमा जानकारीका लागि अनुरोध छ ।

**४.२ लेखा परीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाब दिएको भए सो को विवरण :**

लेखापरीक्षण समितिका सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छ :

१) श्री प्रमोद कुमार भट्टराई – संयोजक

२) श्री कृष्ण राज पोखरेल – सदस्य

लेखा परीक्षण समितिका सदस्यहरुलाई प्रत्येक बैठकका लागि बैठक भत्ता कर सहित रु.२,५००।- बाहेक अन्य कुनै अतिरिक्त पारिश्रमिक प्रदान गरिएको छैन । सो समितिले आन्तरिक प्रतिवेदनहरुको अध्ययन, पुनरावलोकनका साथै सुधारका लागि आवश्यक निर्देशन जारी गर्ने गरेको छ ।

**४.३ २०७०/७१ र २०७१/७२ को आय व्यय विवरण :**

यस लि. ले आ.व.२०७०/७१ मा रु.२ करोड ६५ लाख ५६ हजार ६ सय ५० रुपैयाँ आम्दानी गरेकोमा आ.व.२०७१/७२ मा १ सय ९७.२६ प्रतिशतले बृद्धि भई रु. ७ करोड ८९ लाख ४२ हजार ३७ रुपैयाँ आय गर्न सफल भएको छ ।

त्यसैगरी खर्च तर्फ आ.व.२०७०/७१ मा रु.६ करोड ३९ लाख ९ हजार २ सय ८४ रुपैयाँ खर्च भएकोमा आ.व.२०७१/७२ मा खर्च २.७१ प्रतिशतले घट्न गई रु.६ करोड २१ लख ७९ हजार ६ सय ५४ रुपैयाँ पुगेको छ । आ.व.२०७१/७२ मा लि. ले जम्मा रु.१ करोड ६७ लाख ६२ हजार ३ यस ८३ रुपैयाँ संचालन मुनाफा आर्जन गरेकोले बोनश ऐन, २०३० को बोनश नियमावली अनुसार कर्मचारीहरुलाई रु.१२ लाख ४१ ह्जार ६ सय ५८ रुपैयाँ बोनश व्यवस्था गरेको छ जुन लि. को नाफाको ८ प्रतिशत (बोनश सहित) रहेको छ । कर्मचारीहरुलाई बोनश व्यवस्था पछि यस वर्ष खुद नाफा रु.१ करोड ५५ लाख २० हजार ७ सय २५ रुपैयाँ रहेको छ । आ.व. २०७०/७१ सम्ममा संचित नोक्सान रु.१० करोड ५९ लाख ४२ हजार ३० रुपैयाँ रहेकोमा आ.व. २०७१/७२ मा खुदा नाफा रु.१ करोड ५५ लाख २० हजार ७ सय २५ रुपैयाँ समायोजन गर्दा संचित नोक्सान घटेर रु.९ करोड ४ लाख २१ ह्जार ३ सय ५ रुपैयाँ हुन पुगेको छ ।

**४.४ शेयर स्वामित्व ग्रहण :**

यस लि. को अधिकृत पूँजी ५० लाख कित्ता प्रति शेयर रु.१०० को विभाजन गरी रु.५० करोड कायम गरिएको छ भने जारी तथा चुक्ता पूँजी ३० लाख कित्ता प्रति शेयर रु.१०० को दरले रु.३० करोड कायम गरिएको छ । आ.व.२०६९/७० मा संस्थापक कम्पनी नेप्सेबाट सम्पूर्ण रकम रु.३० करोड नै चुक्ता भएको छ ।

**४.५ लाभांश वितरण :**

लि. ले आ.व.२०७१/७२ मा संचालन मुनाफ गरे पनि संचित नोक्सान रहेको हुँदा शेयरधनीहरुलाई कुनै पनि लाभांश घोषणा गरिएको छैन ।

**(५) विविध :**

**(क) संचालक समितिमा परिवर्तन**

यस लि. को वर्तमान संचालक समितिमा नेप्सेका महाप्रबन्धक सिताराम थपलिया-अध्यक्ष, प्रमोद कुमार भट्टराई-सदस्य, कृष्णराज पोखरेल-सदस्

य र निरन्जन फुयाँल-सदस्य रहनु भएको छ भने कम्पनी सचिव सुरेन्द्र राज वाग्लेले रहनु भएको छ ।

**(ख) प्रमुख कार्यकारी अधिकृतको नियुक्ती :**

मिति २०७२ श्रावण १ गते देखि रिक्त रहेको प्रमुख कार्यकारी अधिकृतको पदमा मिति २०७२ कार्तिक १० गते देखि देव प्रकाश गुप्तालाई नियुक्त गरी सो पद बहाल गरी जिम्मेवारी सम्हाल्दै आउनु भएको छ ।

**(६) विशेष प्रस्ताव :**

यस लि. को प्रबन्धपत्र तथा नियमावलीमा संलग्न अनुसार संशोधनका लागि बोर्डमा स्वीकृतिका लागि पठाइएकोमा तहाँबाट स्वीकृति प्राप्त भएपश्चात् कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिने हुँदा संलग्न संशोधन अनुमोदनका लागि अनुरोध गर्दछु ।

**(७) कृतज्ञता ज्ञापन :**

यस लि. को प्रभावकारी संचालनमा अमूल्य योगदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभाव, नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्ज लि. को प्रेरणात्मक सहयोगको लागि संचालक समितिको तर्फबाट सबैलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

लि. प्रति अटूट आस्थालाई जगेर्ना गर्दै निरन्तर विश्वास गरिरहने हाम्रा निष्काशनकर्ता कम्पनीहरु, निक्षेप सदस्य, राफसाफ सदस्य, राफसाफ बैंक र अन्य आबद्ध पक्षहरु, हितग्राहीहरु र लि. को सफलतामा अमूल्य योगदान पुऱ्याउनु हुने सम्पूर्ण कर्मचारीहरुको योगदानको सह्राहना गर्दै विषेश तथा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै सबैको सुभेच्छा तथा सहयोगले आउँदा दिनहरु अझ उपलब्धीमूलक हुने कुरामा समेत विश्वस्त छु ।

धन्यवाद ।

अध्यक्ष
सीताराम थपलिया
सिडिएस एण्ड क्लियरिङ्ग लि

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

# लेखापरीक्षण प्रतिवेदन तथा वित्तीयविवरण

## आ.व.२०७१/७२


## एस.आर. पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्स

राधाकृष्ण मार्ग, नयाबानेश्वर

काठमाडौं ।

**S. R. PANDEY & CO.**
Chartered Accountants

Radha Krishna Marg, New Baneshwor
P.O. Box No. 2343
Kathmandu, Nepal

Tel. : 2104600, 2104700
Fax : 977-1-4491187
e-mail: srpandey@wlink.com.np

## सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको
## शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिबेदन

१. हामीले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको यसै साथ संलग्न २०७२/३/३१ (१६ जुलाई २०१५) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्यिुटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

**आर्थिक विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

२. नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने सम्वन्धी आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखासम्वन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

**लेखापरीक्षकको जिम्मेवारी**

३. लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको वारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना वनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले कम्पनिको आन्तरीक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखा परीक्षण कार्यविधि तयार गर्दा, कम्पनिले वित्तिय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मूल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुति को लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**मन्तव्य**

४. हाम्रो रायमा, संलग्न वित्तिय विवरणहरुले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको २०७२ आषाढ ३१ (१६ जुलाई २०१५) गतेको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको प्रचलित कानुनका अधिनमा रही नेपाल लेखामान अनुसार यथार्थ चित्रण गर्दछ र कम्पनी ऐन २०६३, धितोपत्र केन्द्रिय निक्षेप सेवा विनियामावली, २०६८ (पहिलो संसोधन, २०६९) अनूसार तयार गरिएको छ ।

**अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

५. हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु सम्पूर्ण रुपमा पाएका छौ ।

(ख) कम्पनीले राखेको हिसाब किताव, वहीखाता श्रेता र लेखासंग दुरुस्त रहेकाछन् ।

(ग) हाम्रो रायमा, कम्पनिको हिसाव किताब ऐन बमोजिम ठीकसंग राखिएको छ ।

(घ) हामीले कम्पनिको श्रेस्ता लेखा परिक्षणको समयमा, कम्पनिको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा कम्पनिको सम्पत्ति हिनामिना गरेको वा कम्पनिको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन र

(ङ) कम्पनिमा लेखा सम्वन्धी कुनै जालसाजी भएको, कम्पनिको श्रेस्ता र लेखा परिक्षणवाट हाम्रो जानकारीमा आएन ।

S. R. PANDEY & CO. Chartered Accountants Kathmandu

सिए. सुदर्शन राज पाण्डे,
वरिष्ठ साभेदार

स्थान: काठमाडौं
मिति: २०७२/०९/०७

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**
**थापाथली, काठमाण्डौं**
**वासलात**
**३१ आषाढ २०७२**

रकम (रु.) मा

| | विवरण | अनुसूची | २०७२/०३/३१ | २०७१/०३/३२ |
|---|---|---|---|---|
| क | **कोषको श्रोत :** | | | |
| | **१ शेयर धनी कोष** | | | |
| | शेयर पूँजी | १ | ३००,०००,००० | ३००,०००,००० |
| | जगेडा कोष र बचत | २ | (६८,०१२,४५९) | (७९,५४६,८५५) |
| | **२ अचल दायित्व** | ३ | **१३,३६५,५३८** | **६,९४३,११६** |
| | **३ चालु दायित्व** | ४ | **१६,०९१,८६१** | **१५,३०७,५१४** |
| | **जम्मा :** | | **२६१,४४४,९४०** | **२४२,७०३,७७५** |
| ख | **कोषको उपयोग :** | | | |
| | **१ स्थिर सम्पत्ति :** | | | |
| | पूँजीकृत स्थिर सम्पत्ति (परल मोल) | ५ | ९,५९१,००९ | १६,७४७,२९० |
| | न्यून: ह्रास कट्टि | | (६,०५२,८५८) | (८,२२०,८०४) |
| | **खुद स्थिर सम्पत्ति** | | **३,५३८,१५१** | **८,५२६,४८६** |
| | **२ अमूर्त सम्पत्ति** | ६ | | |
| | पूँजीकृत अमूर्त सम्पत्ति (परल मोल) | | १५०,६६७,०३० | १५०,६६७,०३० |
| | न्यून: अपलेखन | | (८८,७६७,२६९) | (५८,६४२,८२४) |
| | **खुद अमूर्त सम्पत्ति** | | **६१,८९९,७६१** | **९२,०२४,२०६** |
| | **३ अचल सम्पत्ति** | ७ | **४१६,७७९** | **४१६,७७९** |
| | **४ स्थगन आयकर सम्पत्ति** | | **२२,४०८,८४६** | **२६,३९५,१७५** |
| | **५ चालु सम्पत्ति** | | | |
| | पेश्की तथा लिनुपर्ने | ८ | ३४,२०९,०३२ | ९,०१३,७५८ |
| | बैक मौज्दात | ९ | १३८,९७२,३७१ | १०६,३२७,३७१ |
| | **जम्मा चालु सम्पत्ति** | | **१७३,१८१,४०३** | **११५,३४१,१२९** |
| | **जम्मा :** | | **२६१,४४४,९४०** | **२४२,७०३,७७५** |

महत्वपूर्ण लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु
अनुसची १ देखि १४ यो वित्तीय विवरणको अभिन्न भाग हो ।

यसै मितिको हाम्रो संलग्न
प्रतिवेदनको आधारमा,

S. R. PANDEY & Co. Chartered Accountants Kathmandu

सुनिल गुरुङ्ग
व.अधिकृत

सुरेन्द्र राज वाग्ले
नि. प्रमुख कार्यकारी अधिकृत

सिए. सुदर्शन राज पाण्डे
वरिष्ठ साझेदार
एस आर पाण्डे एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

कृष्ण राज पोखरेल
संचालक

निरन्जन फुँयाल
संचालक

प्रमोद कुमार भट्टराई
संचालक

सिताराम थपलिया
अध्यक्ष

मिति: २०७२।०९।०७
स्थान: काठमाण्डौं ।

CDS
and
Clearing Ltd.

## सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

### थापाथली, काठमाण्डौं

### नाफा नोक्सान विवरण

### मिति २०७१ साउन १ देखि २०७२ आषाढ मसान्त सम्म

रकम (रु.) मा

| विवरण | अनुसूची | २०७१/७२ | २०७०/७१ |
|---|---|---|---|
| **संचालन आम्दानी :** | | | |
| कार्यसंचालन आम्दानी | १० | ७२,८६७,४६३ | २०,२५९,९८५ |
| अन्य आम्दानी | ११ | ४९८,४०९ | २,१०० |
| **कुल संचालन आम्दानी** | | **७३,३६५,८७२** | **२०,२६२,०८५** |
| **संचालन खर्च :** | | | |
| प्रशासकीय खर्च | १२ | २९,५२१,९८३ | ३१,५०५,८४१ |
| ह्रास कट्टी खर्च | ५ | २,५३३,२२६ | २,२७८,९९८ |
| सफट्वेयर अपलेखन खर्च | ६ | ३०,१२४,४४५ | ३०,१२४,४४५ |
| **कुल संचालन खर्च** | | **६२,१७९,६५४** | **६३,९०९,२८४** |
| **संचालन बचत/(घाटा)** | | **११,१८६,२१८** | **(४३,६४७,१९९)** |
| **गैर संचालन आम्दानी :** | | | |
| बैंक ब्याज आम्दानी | १३ | ५,५७६,१६५ | ६,२९४,५६५ |
| **आयकर तथा बोनस अगाडीको नाफा/(नोक्सान)** | | **१६,७६२,३८३** | **(३७,३५२,६३४)** |
| कर्मचारी बोनस | | १,२४१,६५८ | - |
| **आयकर अघिको नाफा** | | **१५,५२०,७२५** | **(३७,३५२,६३४)** |
| **आयकर व्यबस्था** | | | |
| स्थगन आयकर आम्दानी / (खर्च) | | (३,९८६,३२९) | ९,७७५,६०५ |
| चालु आयकर खर्च | | - | - |
| **खुद नाफा / नोक्सान** | | **११,५३४,३९६** | **(२७,५७७,०२९)** |

महत्वपुर्ण लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

अनुसची १ देखि १४ यो वित्तीय विवरणको अभिन्न भाग हो ।

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

सुनिल गुरुङ्ग
व.अधिकृत

सुरेन्द्र राज वाग्ले
नि. प्रमुख कार्यकारी अधिकृत

S. R. PANDEY & CO. Chartered Accountants Kathmandu

सिए. सुदर्शन राज पाण्डे
वरिष्ठ साझेदार
एस आर पाण्डे एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

कृष्ण राज पोखरेल
संचालक

निरन्जन फुँयाल
संचालक

प्रमोद कुमार भट्टराई
संचालक

सिताराम थपलिया
अध्यक्ष

मिति: २०७२।०९।०७

स्थानः काठमाण्डौं ।

CDS and Clearing Ltd.

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

## थापाथली, काठमाण्डौं

## नगद प्रवाह विवरण

### मिति २०७१ साउन १ देखि २०७२ आषाढ मसान्त सम्म

रकम (रु.) मा

| | विवरण | २०७१/७२ | २०७०/७१ |
|---|---|---|---|
| क. | **संचालन गतिविधिको नगद प्रवाह** | | |
| | आयकर तथा असाधारण आम्दानी खर्च अगाडीको खुद नाफा/(नोक्सान) | १६,७६२,३८३ | (३७,३५२,६३४) |
| | १. ह्रास कट्टी | २,५३३,२२६ | २,२७८,९९८ |
| | २. सफट्वेयर अपलेखन | ३०,१२४,४४५ | ३०,१२४,४४५ |
| | ३. सम्पत्ति बिक्रिमा नाफा | (४५१,०३४) | - |
| | **कार्यशिल पूँजी परिवर्तन अधिको संचालन नगद प्रवाह** | **४८,९६९,०२०** | **(४,९४९,१९१)** |
| | **कार्यशिल सम्पत्ति तथा दायित्वमा परिवर्तन** | | |
| | १. अचल सम्पत्तिमा भएको कमी / (वृद्धि) | - | - |
| | २. चालु सम्पत्तिमा भएको कमी / (वृद्धि) | (१९,५४२,६४९) | (१,९८१,९८३) |
| | ३. अचल दायित्वमा भएको वृद्धि / (कमी) | ६,४२२,४२२ | ३,०९०,९७४ |
| | ४. चालु दायित्वमा भएको वृद्धि / (कमी) | (४५७,३११) | (२८,४८५,८५७) |
| | **जम्मा** | **(१३,५७७,५३८)** | **(२७,३७६,८६६)** |
| | अग्रीम आयकर भुक्तानी | (५,६५२,६२५) | (१,७५२,१९८) |
| | **संचालन गतिविधिको खुद नगद प्रवाह (क)** | **२९,७३८,८५७** | **(३४,०७८,२५५)** |
| ख. | **लगानी गतिविधिको नगद प्रवाह** | | |
| | १. स्थिर सम्पत्ति (खरिद) | (१,११८,८५७) | (५३९,३५४) |
| | २. स्थिर सम्पत्ति (बिक्रि) | ४,०२५,००० | - |
| | **लगानी गतिविधिको नगद प्रवाह (ख)** | **२,९०६,१४३** | **(५३९,३५४)** |
| ग. | **वित्तीय गतिविधिको खुद नगद प्रवाह** | | |
| | १. शेयर पूँजी प्राप्त | - | - |
| | **वित्तीय गतिविधिको खुद नगद प्रवाह (ग)** | - | - |
| | **नगद प्रवाहमा भएको कुल वृद्धि र कमी (क+ख+ग)** | **३२,६४५,०००** | **(३४,६१७,६०९)** |
| | वर्षारम्भमा नगद तथा बैंक मौज्दात | १०६,३२७,३७१ | १४०,९४४,९८० |
| | **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **१३८,९७२,३७१** | **१०६,३२७,३७१** |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

सुनिल गुरुङ्ग
व.अधिकृत

सुरेन्द्र राज वाग्ले
नि. प्रमुख कार्यकारी अधिकृत

सिए. सुदर्शन राज पाण्डे
वरिष्ठ साझेदार
एस आर पाण्डे एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

कृष्ण राज पोखरेल
संचालक

निरन्जन फुँयाल
संचालक

प्रमोद कुमार भट्टराई
संचालक

सितराम थपलिया
अध्यक्ष

मिति: २०७२।०९।०७
स्थान: काठमाण्डौं ।

CDS and Clearing Ltd.

## सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
## थापाथली, काठमाण्डौं
## इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण
## मिति २०७१ साउन १ देखि २०७२ आषाढ मसान्त सम्म

रकम (रु.) मा

| विवरण | शेयर पूँजी | सञ्चित नाफा (नोक्सान) | अन्य जगेडा | कुल रकम |
|---|---|---|---|---|
| शुरु मौज्दात | ३००,०००,००० | (७९,५४६,८५५) | - | २२०,४५३,१४५ |
| यस बर्ष थप | - | ११,५३४,३९६ | - | ११,५३४,३९६ |
| समायोजन | - | - | - | - |
| स्थगन आयकर | - | - | - | - |
| साधारण जगेडा कोषमा सारेको | - | - | - | - |
| पूँजी समायोजन कोष | - | - | - | - |
| प्रस्तावित लाभांस | - | - | - | - |
| **अन्तिम मौज्दात आषाढ मसान्तसम्मको** | **३००,०००,०००** | **(६८,०१२,४५९)** | **-** | **२३१,९८७,५४१** |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

सुनिल गुरुङ्ग
व.अधिकृत

सरेन्द्र राज वाग्ले
नि. प्रमुख कार्यकारी अधिकृत

सिए. सुदर्शन राज पाण्डे
वरिष्ठ साझेदार
एस आर पाण्डे एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

S. R. PANDEY & CO. Chartered Accountants Kathmandu

कृष्ण राज पोखरेल
संचालक

निरन्जन फुँयाल
संचालक

प्रमोद कुमार भट्टराई
संचालक

सितराम थपलिया
अध्यक्ष

मिति: २०७२।०९।०७
स्थान: काठमाण्डौं ।

CDS and Clearing Ltd.

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
## थापाथली, काठमाण्डौं
## शेयर पूँजी तथा स्वामित्व विवरण

अनुसूची - १

**शेयर पूँजी**

रकम (रु.) मा

| विवरण | २०७१/७२ | २०७०/७१ |
|---|---|---|
| **अधिकृत पूँजी** | ५००,०००,००० | ५००,०००,००० |
| ५०,००,००० साधारण शेयर प्रति शेयर रु.१०० का दरले । | | |
| **जारी पूँजी** | ३००,०००,००० | ३००,०००,००० |
| ३०,००,००० साधारण शेयर प्रति शेयर रु.१०० का दरले । | | |
| **माग गरेको पूँजी** | ३००,०००,००० | ३००,०००,००० |
| ३०,००,००० साधारण शेयर प्रति शेयर रु.१०० का दरले । | | |
| **चुक्ता पूँजी** | ३००,०००,००० | ३००,०००,००० |
| ३०,००,००० साधारण शेयर प्रति शेयर रु.१०० का दरले । | | |
| **जम्मा** | ३००,०००,००० | ३००,०००,००० |

**जगेडा कोष र वचत बाँकी विवरण**

अनुसूची - २

| विवरण | २०७१/७२ | २०७०/७१ |
|---|---|---|
| यस वर्षको नाफा/(नोक्सान) | ११,५३४,३९६ | (२७,५७७,०२९) |
| गत वर्षसम्मको नाफा/(नोक्सान) | (७९,५४६,८५५) | (५१,९६९,८२६) |
| **जम्मा** | **(६८,०१२,४५९)** | **(७९,५४६,८५५)** |

**अचल दायित्व**

अनुसूची - ३

| विवरण | २०७१/७२ | २०७०/७१ |
|---|---|---|
| धरौटी | ११,५४६,०९७ | ५,३१८,९६४ |
| कर्मचारी उपदान कोष | ४७१,८७३ | ३२६,८८० |
| कर्मचारी विदा कोष | १,३४७,५६८ | १,२९७,२७२ |
| **जम्मा** | **१३,३६५,५३८** | **६,९४३,११६** |

**चालु दायित्व तथा कोष व्यवस्था**

अनुसूची - ४

| विवरण | २०७१/७२ | २०६९/७० |
|---|---|---|
| साहू तिर्न बाँकी | १४,६८२,८५५ | १५,१३८,३१० |
| कर्मचारी बोनस व्यवस्था | १,२४१,६५८ | - |
| तिर्नुपर्ने कर कट्टी (कर्मचारी तथा अन्य) | १६७,३४८ | १६९,२०४ |
| **जम्मा** | **१६,०९१,८६१** | **१५,३०७,५१४** |

CDS and Clearing Ltd.

S. R. Pandey & Co. Chartered Accountants Kathmandu

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
थापाथली, काठमाण्डौं
स्थिर सम्पत्ति (३१ आषाढ २०७२)

अनुसूची - ५

स्थिर सम्पत्ति

रकम (रु.) मा

| सि.नं. | विवरण | परल मूल्य (रु.) | | | | ह्रास कट्टी (रु.) | | | | बाँकी मूल्य (रु.) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षसम्मको | यस वर्षको थप | यस वर्षको बिक्रि | जम्मा | गत वर्षसम्मको | यस वर्ष | यस वर्षको समायोजन | जम्मा | यस वर्ष | गत वर्ष |
| १ | अफिस फर्निचर | २,४३६,४९७ | ५२,५४५ | २,४८९,०४२ | - | १,२०७,३९७ | २५५,९८४ | (१,४६३,३८१) | - | - | १,२२९,१०० |
| २ | अफिस सरसामान | ३,३००,४६३ | ८७८,५७५ | १,६३८,२११ | २,५४०,८२७ | २,०३४,५९८ | ७६४,३८१ | (१,३२४,०७०) | १,४७४,९०९ | १,०६५,९१८ | १,२६५,८६५ |
| ३ | कम्प्युटर तथा प्रिन्टर | १,२१४,६०५ | १८७,७३७ | - | १,४०२,३४२ | ७६१,२७७ | २५२,४३० | | १,०१३,७०७ | ३८८,६३५ | ४५३,३२८ |
| ४ | लिजहोल्ड (पट्टा) सम्पत्ति | ४,१४७,८८५ | - | ४,१४७,८८५ | - | १,५२७,८०० | ३८५,९२१ | (१,९१३,७२०) | - | - | २,६२०,०८५ |
| ५ | सवारी साधन | ५,६४७,८४० | - | - | ५,६४७,८४० | २,६८९,७३२ | ८७४,५१० | | ३,५६४,२४२ | २,०८३,५९८ | २,९५८,१०८ |
| | जम्मा | १६,७४७,२९० | १,११८,८५७ | ८,२७५,१३८ | ९,५९१,००९ | ८,२२०,८०४ | २,५३३,२२६ | (४,७०१,१७१) | ६,०५२,८५८ | ३,५३८,१५१ | ८,५२६,४८६ |

अनुसूची - ६

अमूर्त सम्पत्ति

रकम (रु.) मा

| सि.नं. | विवरण | परल मूल्य (रु.) | | | | ह्रास कट्टी (रु.) | | | | बाँकी मूल्य (रु.) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षसम्मको | यस वर्षको थप | यस वर्षको समायोजन | जम्मा | गत वर्षसम्मको | यस वर्ष | | जम्मा | यस वर्ष | गत वर्ष |
| १ | कम्प्युटर हार्डवेयर तथा सफ्टवेयर (कास) | २२,३८७,७०० | - | - | २२,३८७,७०० | ७,३२३,५३८ | ४,४७७,५४० | - | ११,८०१,०७८ | १०,५८६,६२२ | १५,०६४,१६२ |
| २ | सफ्टवेयर (केन्द्रिय निक्षेप तथा राफसाफ) | १२८,१२०,००० | - | - | १२८,१२०,००० | ५१,२४८,००० | २५,६२४,००० | - | ७६,८७२,००० | ५१,२४८,००० | ७६,८७२,००० |
| ३ | सफ्टवेयर (लेखा सम्बन्धी) | १५९,३३० | - | - | १५९,३३० | ७१,२८६ | २२,९०५ | - | ९४,१९१ | ६५,१३९ | ८८,०४४ |
| | जम्मा | १५०,६६७,०३० | - | - | १५०,६६७,०३० | ५८,६४२,८२४ | ३०,१२४,४४५ | - | ८८,७६७,२६९ | ६१,८९९,७६१ | ९२,०२४,२०६ |

CDS
and
Clearing Ltd.

S. R. PANDEY & CO.
Chartered Accountants
Kathmandu

